प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
(प्रादेशिक योजना तथा अनुगमन शाखा)

प.सं. २०७५/७६, च.नं.

## प्रदेश विशेष अनुदानका योजनाहरु स्वीकृत भएका स्थानीय तहहरुलाई अत्यन्त जरुरी सूचना ! सूचना !! सूचना !!!

प्रदेश मन्त्रिपरिषदको मिति २०७६/११/१३ को बैठकबाट प्रदेश विशेष अनुदान अन्तर्गत ३२ स्थानीय तहका ४४ योजनाहरु स्वीकृत भई प्राप्त भएकोले सो योजना/कार्यक्रमहरु तपसिल बमोजिम हुनेगरी कार्यान्वयन गर्न गराउनुहुन सम्बन्धित सबै स्थानीय तहहरुलाई सूचित गरिन्छ । यस सूचना साथ संलग्न योजनाहरुको विवरण बराबरको रकम यस मन्त्रालयबाट निकट भविष्यमा निकासाका लागी पठाईने व्यहोरा समेत जानकारी गराईन्छ।

१. स्थानीय तहहरुले विशेष अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रदेश विनियोजन ऐन, २०७६ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को अधिनमा रही खर्च गर्नुपर्नेछ ।
२. विशेष अनुदान रकम जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही योजना तथा कार्यक्रममा सो रकम खर्च गर्नु पर्नेछ ।
३. विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन तथा प्रचलित सार्वजनिक खरिद कानूनको व्यवस्थाको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ ।
४. विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन ।
५. विशेष अनुदान प्राप्त योजना/कार्यक्रमको ठेक्का विवरण ठेक्का लागेको १(एक) हप्ताभित्र मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।
६. विशेष अनुदान बापत प्राप्त रकम अन्य खर्च शीर्षकहरुमा रकमान्तर गरिने छैन ।प्रदेश विशेष अनुदानको योजना/कार्यक्रम बापत प्राप्त रकम खर्च नभई वचत भएमा सो रकम यथाशक्य छिटो प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।
७. विशेष अनुदानको रकमबाट तलब, भत्ता, मर्मत संभार, मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा आदिमा खर्च गर्न पाईने छैन ।
८. विशेष अनुदान बापत प्राप्त रकम आयोजना तथा कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गर्नु पर्नेछ ।
९. विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागि अनुदान रकम दुई किस्तामा हस्तान्तरण गरिनेछ । पहिलो किस्ता बापतको रकम तत्कालै तथा दोस्रो किस्ता बापतको रकम कार्य प्रगतिको आधारमा निकासा गरिनेछ ।
१०. विशेष अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ।

११/१५

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com, URL: moeap.p3.gov.np
हरिकञ्ज रोड, हेटौंडा उ.म.न.पा.-२, मकवानपुर

११. विशेष अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट सो आयोजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो अनुदान बापत उपलव्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सक्नेछ।

१२. विशेष अनुदान प्राप्त योजनाहरु प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ दफा ११ को उपदफा १ अनुसार अनुगमन समितिबाट अनुगमन गराउनु पर्ने र प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ। अनुगमन समितिको व्यवस्था उक्त कार्यविधिको दफा ११ को उपदफा २ मा व्यवस्था गरिए अनुसार हुनेछ।

१३. विशेष अनुदान प्राप्त योजनाहरुको अनुगमन कार्यमा आवश्यक पर्ने खर्च परियोजनाको कन्टिन्जेन्सीबाट व्यहोरिनेछ। त्यस्तो कन्टिन्जेन्सी रकम कार्यविधिको दफा १० को उपदफा ५ बमोजिम कुल लागतको दुई प्रतिशत भन्दा बढी हुन सक्नेछैन ।

१४. योजना तथा कार्यक्रमहरु कार्यान्वयनका सम्बन्धमा आवश्यक व्यवस्थाहरुका लागि प्रदेश विनियोजन ऐन, २०७६, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मन्त्रालयको website: www.moeap.p3.gov.np मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

१५. अन्य सूचना/जानकारी तथा समन्वयका लागि मन्त्रालयको प्रादेशिक योजना तथा अनुगमन शाखाको फोन नं. ०५७-५२७५१८,५२७५२० मा सम्पर्क गर्न सकिनेछ ।

प्रमोद सिखडा
शाखा अधिकृत

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
नेपाल

## आ.व. २०७६/०७७ का लागि प्रस्तावित प्रदेश विशेष अनुदानका योजनाहरु अनुसुची-१

रकम रु.हजारमा

| क्र.सं. | जिल्ला | स्थानिय तह | योजनाको नाम | प्रदेश सरकारबाट विनियोजित |
|---|---|---|---|---|
| १ | धादिङ | धुनिवेशी नगरपालिका | जुगेडी खानेपानी योजना | ४,२७८ |
| २ | | गल्छी गाउँपालिका | वडा नं.६ बैरेनीबजार भट्टाटार महेशखोला जिन्टेटार डिपबोरिङ खानेपानी ट्याङ्की (१ लाख लि.) निर्माण र धारा | ४,६३१ |
| ३ | | खनियावास गाउँपालिका | कयूङ सामुदायिक स्वास्थय ईकाई तथा वर्थिङ सेन्टर भवन वडा नं.६ | ३,०३३ |
| ४ | | सिद्धलेक गाउँपालिका | आवृछाप खानेपानी योजना | ५,७६३ |
| ५ | | | सुन्दरीपानी खानेपानी योजना | ६,०४५ |
| ६ | चितवन | कालिका नगरपालिका | वडा नं.११ दौतेस चेपाङ बस्तीमा खानेपानी आयोजना | ३,८४१ |
| ७ | | | वडा नं.११ सैपाम चेपाङ बस्तीमा खानेपानी आयोजना | ४,६७७ |
| ८ | | ईच्छाकामना गाउँपालिका | ईच्छाकामना खानेपानी लिफ्टिङ्ग | ६,७३८ |
| ९ | रामेछाप | उमाकुण्ड गाउँपालिका | सुर्माखोला खानेपानी आयोजना | ५,०३७ |
| १० | | दोरम्बा गाउँपालिका | बम्ह् विष्णु खानेपानी थापागाउँ डाँडागाउँ पाङ्चेत खापु खानेपानी | ३,१७१ |
| ११ | दोलखा | विगु गाउँपालिका | सामुदायिक स्वास्थय ईकाई भवन निर्माण थामिचागु | ५,००० |
| १२ | | | सामुदायिक स्वास्थय ईकाई भवन निर्माण खर्तल | ५,००० |
| १३ | | वैतेश्वर गाउँपालिका | डाँडागाउँ, नाम्दू खानेपानी योजना | ३,३३५ |
| १४ | | | सामुदायिक स्वास्थय ईकाई भवन निर्माण विशेष योजना | ३,१३८ |
| १५ | | गौरीशंकर गाउँपालिका | ३ नं.वडा खानेपानी योजना | ४,०१९ |
| १६ | | | ४ नं.वडा खानेपानी योजना | ४,०१९ |
| १७ | काठमाडौं | तारकेश्वर नगरपालिका | साङ्ला खानेपानी योजना | ४,६०५ |
| १८ | | कीर्तिपुर नगरपालिका | वडा नं. ४ स्थित तामाङ्ग गाउँ, बस्नेत गाउँमा खानेपानी व्यवस्थापन | ९,२७५ |
| १९ | | कागेश्वरी मनोहरा नगरपालिका | सातघट्टे खानेपानी आयोजना | ३,९९९ |
| २० | | नागार्जुन नगरपालिका | दशेडाडाँ बृहत खानेपानी आयोजना नागार्जुन-८, भिमढुङ्गा | ५,००० |
| २१ | | बुढानिलकण्ठ नगरपालिका | शिवपुरी बालुबा खानेपानी आयोजना | ४,२५३ |
| २२ | | चन्द्रगिरी नगरपालिका | भास्तीपुर खानेपानी आयोजना | ५,००० |
| २३ | काभ्रेपलाञ्चोक | महाभारत गाउँपालिका | काव्राखोल्सी खानेपानी योजना वडा नं. ६ | ५,९९९ |
| २४ | | | आलुवारी बेडगैरा बसेरी खोला खानेपानी योजना वडा नं. ७ | ८,३६३ |
| २५ | | मण्डनदेउपूर नगरपालिका | गहते रातमाटा खानेपानी योजना वडा नं.९ | ४,९९६ |
| २६ | | रोशी गाउँपालिका | घट्टेदोभान मच्छे गाँउ खानेपानी योजना | ४,९८० |
| २७ | | थाहा नगरपालिका | भोर्ले खानेपानी तथा सरसफाई आयोजना | ७,५०० |
| २८ | | राक्सिराङ गाउँपालिका | लुकचुक धिराङ खानेपानी आयोजना | ३,०३८ |
| २९ | | | ठाडेचुरी बोटबारी बाङदीराङ खानेपानी आयोजना | ३,०४३ |
| ३० | | | बयरटार निङराङ कालीधाप खानेपानी आयोजना | ३,०३९ |
| ३१ | | बागमति गाउँपालिका | ढाँडे रातोमाटे खानेपानी आयोजना | ५,९०० |

सचिव

| | | | | |
|---|---|---|---|---|
| ३२ | मकवानपुर | बकैया गाउँपालिका | बकैया गा.पा.८ बस्तीपुर खा.पा.आयोजना लिफ्ट र डीप बोरिङ निर्माण (साविक शिखरपुर २) | ४,९९९ |
| ३३ | | कैलाश गाउँपालिका | जिम्बाडाँ,तारुके,पोखरी,कटहरे(ठूलोचौर)खानेपानी योजना | ३,२०६ |
| ३४ | | मकवानपुरगढी गाउँपालिका | आरुबारी खानेपानी योजना | ७,५०० |
| ३५ | | ईन्द्र सरोबर गाउँपालिका | रामचन्द्र भन्ज्याङ छुरी गाउँ लिफ्टिङ खानेपानी योजना इन्द्रसरोवर ३ | ३,००८ |
| ३६ | | | ओखरडाँडा पाण्डेटोल लिफ्टिङ खानेपानी योजना इन्द्रसरोवर ३ | ३,३७२ |
| ३७ | नुवाकोट | विदुर नगरपालिका | स्वस्थ्यचौकी ल्याव स्थापना | ५,००० |
| ३८ | | किस्पाङ गाउँपालिका | साल्मे नयाँ बस्ती खोप केन्द्र भवन निर्माण | ३,९६९ |
| ३९ | | | भाल्चेबेसी खोप केन्द्र भवन निर्माण वडा नं.१ | ३,८६७ |
| ४० | | पञ्चकन्या गाउँपालिका | स्कुलडाँडा बृहत खानेपानी आयोजनावडा नं. ४ | ३,५४२ |
| ४१ | | | आँपचौर वृहत खानेपानी आयोजना वडा नं. १ | ४,५१२ |
| ४२ | | | चुवान डाँडा बृहत खानेपानी योजनावडा नं. ५ | ३,७८५ |
| ४३ | | बेलकोटगढी नगरपालिका | बेलकोटगढी नगरपालिका खानेपानी १० नं.वडा | ३,९२८ |
| ४४ | | दुप्चेश्वर गाउँपालिका | Upgrading Health post into Hospital, वार्ड नं.६ | ७,५०० |
| जम्मा | | | | २,०८,९०३ |

| |
|---|
| जम्मा स्थानीय तहः ३२ |
| जम्मा योजना संख्याः ४४ |

सचिव